सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र
## मार्तडी बाजुरा

कृषि कर्जामा व्याज अनुदानका लागि निवेदन पेश गर्ने सम्वन्धि सूचना
(प्रथम पटक सुचना प्रकासन मितिः २०८१/०६/१५)

उपर्युक्त सम्वन्धमा आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार कृषि व्यवसाय संचालनका लागि लिएको कृषि कर्जाको व्याजमा अनुदान दिने कार्यक्रम अनुसार कृषि व्यवसाय संचालन गर्ने ऋण लिई नियमित व्याज तिरीरहेका तथा सॉच्चिकै कृषि व्यवसाय गरिरहेका ईच्छुक कृषक/व्यवसायीक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुले तपशिल अनुसार आवश्यक कागजात संलग्न गरी यो सुचना प्रकासित भएको मितिले २१ दिन (मिति २०८१/०७/०५ गते कार्यालय समयमा) भित्र कृषि ज्ञान केन्द्र, बाजुरा एवम् सम्बन्धित पालीकाको कृषि विकास शाखामा तोकिएको ढाँचामा आवेदन पेश गर्न हुन सम्वन्धित सबैका लागि यो सुचना प्रकासित गरिएको छ ।

भूमिराज उपाध्याय
नि. कार्यालय प्रमुख

तपसिल:

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | लक्ष्य परिमाण | व्यवसाय र क्षेत्रहरु |
|---|---|---|---|---|
| १ | कृषि कर्जाको व्याजमा अनुदान | बाजुरा जिल्ला भरी | बर्ष भरी | (क) तरकारी, फलफुल, अन्न, तेलहन, दलहन, मसला वाली (अलैची, अदुवा, वेसार आदि), उखु, मह, च्याउ, रेशम आदिको उत्पादन, संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरण<br>(ख) कृषि उत्पादन प्रशोधन गर्ने उद्योगहरु<br>(ग) निर्देशक समितिले समय-समयमा थप गरेका अन्य कृषि व्यवसायहरू |

आवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरुः

- रु. १० को हुलाक टिकट सहित अनुसुची-३ बमोजिमको आवेदन
- कृषि व्यवसाय संचालन गर्ने उद्देश्यले लिएको ऋणको सम्बन्धित बैंकसँगको ऋण सम्झौतापत्रको प्रतिलिपि ।
- आर्थिक वर्ष २०८१/०८२ को अवधिमा व्याज बापत तिरेको रकम खुल्ने सिफारिस पत्र सहितको बैंक स्टेटमेन्टको प्रमाणित प्रतिलिपि ।
- दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी,
- कृषि ऋण लिएर सॉच्चिकै कृषि व्यवसाय गरिरहेको व्यहोरा खुल्ने सम्बन्धित पालिकाको कृषि विकास शाखाको सिफारिस ।
- आफुले गरिरहेको कृषि व्यवसाय सम्बन्धिका फोटोहरु।
- रु. १ लाख देखी रु. ५ लाख सम्म अनुदान माग गर्ने आवेदकले रु. ३०० फिर्ता नहुने गरी आवेदन दस्तुर बैंकमा जम्मा गरेको सक्कलै भौचर वा नगदी रसिद आवेदन साथ पेश गर्नु पर्नेछ ।

थप जानकारीका लागी कृषि ज्ञान केन्द्र बाजुराको ०९७-५४१०१४, ५४१२१४ वा ९८५८४९१९१४ मा सम्पर्क गर्न सकिनेछ ।



Scanned with CamScanner